## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

कुल बहादुर सुनारको बुहारी, राम बहादुर सुनारको पत्नी, गुल्मी जिल्ला, धुर्कोट रजस्थल गा.वि.स. वडा नं. १ भई हाल धुर्कोट गा.पा. वडा नं. ६ बस्ने यस बैंकको धुर्कोट शाखा कार्यालयको खातावाला सावित्रा सुनारको मिति २०८२/१०/०९ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमान राम बहादुर सुनारले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सन्‌राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४/४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

सर्मान्द लिम्बुको नातिनी, पदमकेसर लिम्बुको छोरी, जित बहादुर लिम्बुको पत्नि, ताप्लेजुङ जिल्ला, पाथिभरा याङवरक गा.पा. वडा नं. १ बस्ने यस बैंकको थेचम्बु शाखा कार्यालयको खातावाला बेद माया लिम्बुको मिति २०८२/०९/०९ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा बिरेन्द्र लिम्बुले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सन्‌राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४/४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

## ग्लोबल आइएमई बैंक लि.
## निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोबल आइएमई बैंकको हेटौंडा शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएकी सरस्वती सोरालीको मिति २०८२/०९/२३ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमान नरहरी थापा मगरबाट मिति २०८२/११/०१ मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
हेटौंडा शाखा
फोन नं. ०५७-५२७३७८
ग्लोबल कनेक्ट : ०१-५९७०६००

## ग्लोबल आइएमई बैंक लि.
## निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोबल आइएमई बैंकको साँखु शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएकी मंगली मुक्तानको मिति २०८२/०८/१२ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा बुद्दे मोक्तानबाट मिति २०८२/११/१२ मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
साँखु शाखा
फोन नं. ०१-४४५१३९३
ग्लोबल कनेक्ट : ०१-५९७०६००

## ग्लोबल आइएमई बैंक लि.
## निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोबल आइएमई बैंकको टीकापुर शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका सोमल थारुको मिति २०८२/०८/२६ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा अगानु राम चौधरीबाट मिति २०८२/१०/२९ मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
टीकापुर शाखा
फोन नं. ०९१-५६०५३७/५७
ग्लोबल कनेक्ट : ०१-५९७०६००

## 'फेक...

डाउन गरेर संचालकहरू फरार रहेको सीआईबी स्रोतले बताएको छ । यो कम्पनीका मालिक भानु ढकाल रहेको बुझिएको छ र ढकाल अहिले नेपालमा नरहेको स्रोतले बतायो ।

ठमेलस्थित ईरा अन्तर्राष्ट्रिय अस्पतालमाथि पनि सीआईबीले छानबिन गरिरहेको छ । सञ्चालकहरू लाक्पा शेर्पालगायतको कारोबार शंकास्पद देखिएको स्रोत बताउँछ । कतिपय सञ्चालकविरूद्ध पक्राउ पुर्जी समेत जारी भएको बताइएको छ । सिवेक क्लिनिकले पदयात्री पर्यटकको उपचारमा लुट मच्चाउँदै आएको छ । तर, अनुसन्धानको दायरा भने उनीहरूमाथि केन्द्रित हुन नसकेको बताइएको छ ।

ठूला अधिकांश अस्पताल फेक रेस्क्यु धन्दामा संलग्न छन् । ह्याम्स, नर्भिक, मेडिसिटी, फ्रन्टलाइनलगायतको अस्पतालमाथि छानबिन चलिरहेको छ । सञ्चालकहरू सुटुक्क विदेश भाग्न थालेका छन् । फ्रन्ट लाइन अस्पतालमा एभरेष्ट एक्सपेरियन्स र एभरेष्ट कनेक्सनले फेक रेस्क्यु गरेको बिरामी भित्र्याउने गरेका छन् । अस्पताल सञ्चालकहरू छानबिनमा तानिने प्रमाण सीआईबीमै रहेको स्रोतको भनाइ छ । सप्रदा एडभेन्चर्स र प्रिसियस ट्राभल्समाथि पनि छानबिन चलिरहेको छ ।

## निष्क्रिय...

चार दशमलव ७२, चार दशमलव ९३ र सात दशमलव ५३ प्रतिशत कर्जा निष्क्रिय देखिएको थियो । शाइन रेसुंगा, ज्योति, सप्तकोशी र सालपा विकास बैंकमा पनि पछिल्लो अवधिमा क्रमशः चार दशमलव ७५, सात दशमलव ८२, आठ दशमलव २९ र चार दशमलव ९२ प्रतिशत कर्जा निष्क्रिय देखिएको छ । गत आवको सोही अवधिमा यी बैंकहरूमा क्रमशः चार दशमलव ४०, चार दशमलव ९८, ११ दशमलव ४२ र पाँच दशमलव ७१ प्रतिशत कर्जा निष्क्रिय देखिएको थियो । नारायणी डेभलपमेन्ट बैंकमा भने पछिल्लो अवधिमा विकास बैंकहरूमध्येमा सबैभन्दा बढी अर्थात् ५७ दशमलव ४८ प्रतिशत कर्जा निष्क्रिय देखिएको छ । गत आवको सोही अवधिमा पनि यस बैंकमा ४३ दशमलव ६९ प्रतिशत कर्जा निष्क्रिय देखिएको थियो ।

## सेयरबजारको...

उपसमूहहरूको सेयर कारोबार भएका छन् । जसमध्ये चारवटा उपसमूहहरूको सूचक ओरालो लागेर बाँकी उपसमूहहरूको सूचक उकालो लागेका छन् । यस दिन होटल तथा पर्यटन उपसमूहको सूचक १२ दशमलव २५ अंकले ओरालो लागेर सात हजार दुई सय २३ दशमलव ८४ विन्दुमा झरेकोमा उत्पादनमूलक, लघुवित्त र सामूहिक लगानी कोष उपसमूहको सूचक पनि क्रमशः ३८ दशमलव ७१, १४ दशमलव शून्य एक र शून्य दशमलव शून्य पाँच विन्दुले खुम्चिएका छन् ।

यीबाहेक वाणिज्य बैंक उपसमूहको सूचक भने आठ दशमलव ८० अंकले उकालो लागेर १३ सय ७० दशमलव ६० विन्दुमा चढेकोमा विकास बैंक उपसमूहको सूचक पनि सात दशमलव ३८ अंकले उकालो लागेर पाँच हजार छ सय ५५ दशमलव ५४ विन्दुमा चढेको छ । फाइनान्स उपसमूहको सूचक पनि १७ दशमलव ४३ अंकले उकालो लागेर २४ सय ४४ दशमलव ४० विन्दुमा चढेकोमा जलविद्युत् उपसमूहको सूचक पनि एक दशमलव ८६ अंकले उकालो लागेर ३४ सय ८५ दशमलव ७२ विन्दुमा चढेको छ । जीवन बीमा उपसमूहको सूचक पनि चार दशमलव ५६ अंकले उकालो लागेर १२ हजार आठ सय ३७ दशमलव ३१ विन्दुमा चढेकोमा निर्जीवन बीमा उपसमूहको सूचक पनि एक सय १९ दशमलव ४० अंकले उकालो लागेर १० हजार नौ सय ८२ दशमलव ५९ विन्दुमा चढेको छ । यसैगरी लगानी, अन्य र व्यापार उपसमूहको सूचक पनि क्रमशः शून्य दशमलव ३७, एक दशमलव १९ र १६ दशमलव ८५ विन्दुले उकालो लागेका छन् ।

यस दिन कमाउने कम्पनीहरूको सूचीमा पहिलो स्थानमा सालपा विकास बैंक परेको छ भने गुमाउने कम्पनीहरूको सूचीमा पहिलो स्थानमा १० प्रतिशत नबिल बैंक ऋणपत्र २०८२ परेको छ । रकम कारोबारका आधारमा भने यस दिन अपी पावर कम्पनी लिमिटेड पहिलो स्थानमा परेको छ ।

## फैसला...

इन्टरनेसनल कम्पनीका अध्यक्ष काशीराम गुरूङसहित ९ जना दोषी ठहर भएका थिए । तर, उनीहरूले यसअघि थुनामा बिताएको समय सजायको अवधिभन्दा बढी भएकाले अब थप कैद बस्नु नपर्ने भनिएको थियो । तोकिएको जरिबाना पनि थुनामा बसेकै आधारमा भुक्तान भएको मानिने सर्वोच्चको निर्णय थियो ।

फैसलामा पीडितहरूले २०६२ देखि २०६७ सालसम्म कम्पनीमा लगानी गरेका रकम फिर्ता पाउने व्यवस्था गरिएको छ । कम्पनीका नाममा रहेका सम्पत्ति बेचेर उठेको रकमबाट पीडितलाई अनुपातअनुसार रकम फिर्ता दिलाइने स्पष्ट गरे पनि सम्पत्ति बिक्रीबाट प्राप्त रकम अपुग भएमा सञ्चालकको व्यक्तिगत सम्पत्तिबाट असुल नहुने उल्लेख छ । युनिटी प्रकरणमा तीन लाख ६६ हजारभन्दा बढी व्यक्तिबाट आठ हजारदेखि १५ हजार सात सय ५० रूपैयाँसम्म उठाइएको प्रमाणित भएको छ । तीमध्ये चार हजार एक सय ४४ जनाले मात्र प्रहरीमा जाहेरी दिएका थिए ।

बाँकी तीन लाख ६२ हजारभन्दा बढीले कुनै उजुरी दिएका थिएनन् । फैसलामा कम्पनीमा सदस्य बनेका र अरूलाई सदस्य बनाउन सहयोग गरेका दुवै वर्गका व्यक्तिहरूलाई पीडितका रूपमा राखेर प्रमाणसहित दाबी गर्न आह्वान गरिएको थियो । सर्वोच्चले ललितपुर जिल्ला अदालतका तहसिलदारलाई जिम्मेवारी तोकी १५ बुँदे कार्ययोजना सार्वजनिक गरेको थियो । जसअनुसार सम्पत्ति परिचालन र दाबी प्रक्रिया अघि बढाइने उल्लेख थियो ।

युनिटी ठगी प्रकरण २०६२ सालमा कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ताबाट सुरू भएको हो । आकर्षक योजना, उच्च नाफा, बीमा, हाइड्रोपावर, एयरलाइन्स, हाउजिङ, अस्पताल र पर्यटनलगायतका प्रलोभन देखाउँदै देशभरबाट झण्डै चार अर्ब रूपैयाँ संकलन गरिएको थियो ।

## सार्वजनिक...

मुलुकलाई सार्वजनिक ऋण आवश्यक पर्ने कार्यालयका अधिकारीहरूको भनाइ छ ।

चालू आवमा पाँच खर्ब ९५ अर्ब ६६ करोड रूपैयाँ सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएको छ । चालू आर्थिक वर्षको सात महिनामा दुई खर्ब ५५ अर्ब ४८ करोड रूपैयाँ ऋण प्राप्त भएको छ । वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक ऋण प्राप्ति ४२ दशमलव ८९ प्रतिशत रहेको छ । जसमध्ये आन्तरिक ऋण दुई खर्ब १७ अर्ब ६६ करोड रूपैयाँ र बाह्य ऋण ३७ अर्ब ८१ करोड रूपैयाँ प्राप्ति रहेको छ । बाँकी छ महिनाको अवधिमा तीन खर्ब ४० अर्ब १७ करोड रूपैयाँ ऋण प्राप्त गर्नुपर्नेछ । जसमा आन्तरिक ऋण एक खर्ब ४४ अर्ब ३३ करोड रूपैयाँ र बाह्य ऋण एक खर्ब ९५ अर्ब ८४ करोड रूपैयाँ प्राप्त गर्न बाँकी रहेको छ ।

सरकारी पक्षले ऋण परिचालनको लक्ष्य राखे पनि त्यसको कार्यान्वयन उचित नभएको विज्ञहरूको आरोप रहेको छ । प्रतिफल नदिने र अर्थतन्त्रलाई लाभ नहुने कामका लागि समेत सरकारले ऋण लिएर खर्च गर्दा यसको आकार बढेको अर्थाविद् केशव आचार्यले बताए । राजस्व र अनुदानको आम्दानीले नथेग्ने गरी खर्च बढेपछि सरकारले देशभित्र र बाहिरबाट ऋण लिएर खर्चको हरहिसाब मिलाइरहेको उनको भनाइ छ । सरकारले सार्वजनिक ऋणको उपयोग आर्थिक तथा वित्तीय प्रतिफल दिने परियोजनामा हुनुपर्नेमा त्यसो हुन नसक्नु दुर्भाग्यको भएको उनको भनाइ छ ।

आन्तरिक ऋणका लागि सरकारले राष्ट्रिय बचतपत्र, नागरिक बचतपत्र, वैदेशिक रोजगार बचतपत्र, विशेष ऋणपत्र, ब्याजमा आधारित ट्रेजरी बिल, बट्टादरमा आधारित ट्रेजरी बिल र अन्तर्राष्ट्रिय मुद्राकोष मूल्य समायोजन पत्रको प्रयोग गर्छ । आन्तरिक ऋण दायित्व भने सबैभन्दा बढी विकास ऋणपत्रको अंश रहँदै आएको छ भने त्यसपछि ट्रेजरी बिल रहेको छ । बाह्य ऋण भने द्विपक्षीय र बहुपक्षीय प्रवृत्तिमा आधारित हुन्छ । बाह्य ऋणको लागि एसियाली विकास बैंक (एडीबी), युरोपियन इकोनोमिक काउन्सिल (ईईसी), एसिएन इन्फ्रास्ट्रक्चर इन्भेष्टमेन्ट बैंक (एआईआइबी), इन्टरनेसनल डेभल्पमेन्ट एसोसियसन (आईडीए), इन्टरनेसनल फन्ड फर एग्रिकल्चर डेभल्पमेनट (आईफाड), अन्तर्राष्ट्रिय मु[illegible] कोष (आईएमएफ) लगायतका संस्थामार्फत बहुपक्षीय र जापान, भारत, चीन, फ्रान्स, दक्षिण कोरिया, बेल्जियमलगायतका मुलुकबाट द्विपक्षीय बाह्य ऋण सरकारले लिनेगरेको पाइन्छ । यसैबीच कार्यालयले आन्तरिक ऋण भने पहिलो चौमासमा उठाउने तयारी गरेको छ । पछिल्लो समय ब्याजदर कम भएको कारण आन्तरिक ऋण परिचालन गर्ने तयारीमा रहेको बताइएको छ ।

चालू आवको लागि ऋणको साँवा र ब्याज भुक्तानीको लागि चार खर्ब ११ अर्ब एक करोड रूपैयाँ बजेट विनियोजन छ । सात महिनामा सार्वजनिक ऋणको साँवा र ब्याजबापत दुई खर्ब तीन अर्ब ६५ करोड रूपैयाँ भुक्तानी भएको छ । जुन वार्षिक बजेट विनियोजनको आधारमा ४९ दशमलव ५५ प्रतिशत हो । जुन जीडीपीको आधारमा सात महिनाको अवधिमा कुल ऋण सेवा खर्च तीन दशमलव ३३ प्रतिशत रहेको छ । सार्वजनिक ऋणको साँवाबापत एक खर्ब ६३ अर्ब ५२ करोड रूपैयाँ र ब्याजबापत ४० अर्ब १३ करोड रूपैयाँ भुक्तानी गरेको हो । कार्यालयले चालू आर्थिक वर्षको लागि सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानीको लागि चार खर्ब ११ अर्ब एक करोड रूपैयाँ विनियोजन गरेको छ । विनियोजन रकममध्ये दुई खर्ब तीन अर्ब ६५ करोड रूपैयाँ भुक्तानी हुँदा दुई खर्ब सात अर्ब ३५ करोड रूपैयाँ बाँकी रहेको छ ।

पछिल्ला वर्षहरूमा सरकारले वित्तीय व्यवस्थापनतर्फ विनियोजन गरेको रकम पुँजीगत बजेट नजिक पुग्न खोजेको देखिन्छ जसले देशको आर्थिक अवस्था कमजोर रहेको जनाउने अर्थविद् आचार्यले बताए । पुँजीगत बजेटभन्दा वित्तीय व्यवस्थापनमा बढी रकम विनियोजन गर्नु भनेको मुलुकको वित्तीय स्थिति समेत निकै कमजोर छ भनेर बुझिन्छ, उनले भने । सरकारले चालू आर्थिक वर्षको लागि चार खर्ब सात अर्ब ८८ करोड रूपैयाँ पुँजीगत खर्चका लागि विनियोजन गर्दा वित्तीय व्यवस्थातर्फ तीन खर्ब ७५ अर्ब २४ करोड रूपैयाँ विनियोजन गरेको छ ।

## संशोधित...

महालेखा नियन्त्रक कार्यालयको नाममा जम्मा गर्न पठाएको, नेपाल राष्ट्र बैंक, वाणिज्य बैंक तथा वित्तीय संस्थामा कुनै पनि खाता नभएका संघसंस्थाको नाममा खिचिएको एकाउन्टपेयी चेकलाई को.ले.नि.का. को खातामा जम्माको लागि पठाएको हुँदा उपरोक्त कारोबारहरू सरकारी कारोबार निर्देशिका, २०७६ (दोस्रो संशोधन २०८१) बमोजिम नरहेको हुँदा आगामी दिनहरूमा उक्त व्यवस्था पालना गर्न/गराउनु हुन अनुरोध छ ।

साथै, महालेखा नियन्त्रक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय वा अन्य सरकारी संघसंस्थाले विदेशी बैंकमा रहेको कुनै व्यक्ति, फर्म वा संस्थाको नामको खातामा स्वीफ्टमार्फत जम्मा गर्ने प्रयोजनको लागि नेपालस्थित जुन बैंकमार्फत स्वीफ्ट गरिने हो सोही बैंकको नाममा चेक खिच्न समेत राष्ट्र बैंकले आग्रह गरेको छ ।

सरकारी कारोबार निर्देशिका, २०७६ (दोस्रो संशोधन २०८१) बमोजिम नभएका चेकहरूको जम्मा तथा भुक्तानी गर्न नेपाल राष्ट्र बैंक, वाणिज्य बैंक तथा वित्तीय संस्थाहरु बाध्यकारी हुने छैन, पत्रमा भनिएको छ ।

सरकारी खाताहरूबाट रकम भुक्तानी गर्दा वित्तीय भुक्तानी प्रणाली वा एकाउन्टपेयी चेकमार्फत गर्नुपर्नेछ । सरकारी चेकसम्बन्धी व्यवस्थाहरूअन्तर्गत नेपाल राष्ट्र बैंक वा वाणिज्य बैंकहरूले खिच्ने चेकको अग्रभागको माथिपट्टिको खाली स्थानमा अनिवार्यरूपमा चेक राइटर, चेक पंच, चेक प्रोटेक्टर वा रिवन राइटर लगाउनु पर्नेछ । कार्यालयको नाममा खिचिएका चेक सम्बन्धित कार्यालय आफैँले खातामा जम्मा गर्न पठाउँदा सम्बन्धित कार्यालयको प्रस्ट बुझिने छाप चेकको पछाडि अनिवार्यरूपमा लगाएको हुनुपर्नेछ ।

तर सम्बन्धित कार्यालयको लागि अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थाले त्यस्तो चेक खातामा जम्मा गरिदिंदा भने छाप लगाउन अनिवार्य नहुने राष्ट्र बैंकले जनाएको छ । क्लियरिङमार्फत प्राप्त चेकको रकम जसको नाममा चेक खिचिएको हो, उसैको नामको खातामा जम्मा गर्न पनि राष्ट्र बैंकले निर्देशन दिएको छ ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
## कम्पनी रजिष्ट्रारको कार्यालयको
## हकदाबी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०६७-०४-१३ मा दर्ता भएको प्रा.लि.नं. ७४५५१ को **तमु ट्रेडर्स** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## मोटरसाइकल हरायो

मिति २०८२/११/०१ गते दिउँसो १४:२५ बजेको समयदेखि भक्तपुर, म.थि.न.पा.४ एसएस चोक नजिकै पार्किङबाट बा.प्र. ०२-०५९प०७६४(220cc) कालो/निलो रंगको मोटरसाइकल हराएकोले पाउनु हुनेले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बर ९७६१८०५९८१ मा सम्पर्क गरिदिनु हुन अनुरोध छ।

**नाम : सागर बि.क.**
च्यासिस नं. MD2A13EX6SCB83525
इन्जिन नं. DKXCSB24515

## बीमालेख हरायो

एशियन लाइफ इन्स्योरेन्स कम्पनीले जारी गरेको मेरो निम्न व्यहोराको बीमालेख मिति २०७५/१०/१२ मा वालाजु काठमाडौंमा हराएको हुँदा फेलापार्नुहुने महानुभावहरूले निम्न लिखित ठेगानामा उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु ।

नाम : Saprina Bohara
ठेगाना : Balaju, Kathmandu
बीमालेख नं. : 51140027874
सम्पर्क : 9849717183

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सुर्खेत
## सडक डिभिजन जुम्ला
## बोलपत्र स्वीकृति सम्बन्धि आशयको सूचना

प्रकाशित मितिः २०८२/११/१५

यस डिभिजनको सूचना नं. ०४/०८२/८३ र ०५/०८२/८३ मार्फत क्रमशः मिति २०८२/०९/१४ र २०८२/१०/११ को प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचनातर्फ रितपूर्वक दर्ता भएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रदाताको प्रस्ताव न्यूनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिश भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको आशयको सूचना सम्बन्धित बोलपत्रदाताको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| *Contract ID* | *Descriptions and Location of works* | *Name & Address of the Contractor* | *Bid Amount (With VAT & PS) NRs* |
|---|---|---|---|
| RDJML/33701115-4/082/83-14 | Road Upgrading Works including structural works along Mahabulekh to Panimul (NH-60), Kalikot | M/S Buddha-Birat JV, Jumla | 11,407,006.24 |
| RDJML/33701115/082/83-17 | Roadway Upgrading and structural works along Bhulbhule Pina section of Nagma-Gamgadhi-Nakchalagna Road (NH 60), Mugu. | M/S Juna Nirman Sewa Pvt.Ltd., Tokha -08, Kathmandu | 8,605,812.07 |
| RDJML/33701115/082/83-18 | Roadside Maintenance & Traffic Safety Works along Talcha-Gamgadhi Section of Surkhet Dahilekh Mahabulekh Galje Nagma Gamgadhi Nakchalagna Road (NH-60), Mugu | M/S Buddha Engineering Consultency, Construction & order suppliers, Gamgadhi, Mugu | 9,902,274.75 |
| RDJML/33701115/082/83-19 | Roadway Improvement including structural and drainage works along Bota-Jiya (48+000-52+000) section of Surkhet Dahilekh Mahabulekh Galje Nagma Gamgadhi Nakchalagna Road (NH-60), Jumla | M/S Sonam Wangdi Construction Pvt. Ltd., Chandannath 5, Jumla | 8,198,451.86 |
| RDJML/33701115/082/83-20 | Roadway excavation including structural and drainage works along Bota (42+000-45+000) section of Surkhet Dahilekh Mahabulekh Galje Nagma Gamgadhi Nakchalagna Road (NH-60), Jumla | M/S Sonam Wangdi Construction Pvt. Ltd., Chandannath 5, Jumla | 8,487,661.8 |
| RDJML/33701115/082/83-21 | Roadside maintenance works along Lumsa-Chhaila section (Ch 10+500 to 16+000) of Gamgadhi Nakchalagna Road (NH-60), Mugu | M/S Buddha Engineering Consultency, Construction & order suppliers, Gamgadhi, Mugu | 9,500,643.00 |

डिभिजन प्रमुख

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/११/१५

यस कम्पनीको मिति २०८२/०९/२४ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **विन्दवासिनी कलेज प्रा.लि.** (प्रा.लि.नं.३४०२७९) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०९/२५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **ब्राईट प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।

## बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/११/१५**

यस जनकल्याण सा.व.उ.स. मरिण गा.पा. ३, सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई भलायो लहरेन, मरिण गा.पा. ३, सिन्धुलीमा घाटगद्दि गरी राखिएको लट नं. १ को साल जातको गोलिया थान ५८ को ६४२.८८ क्यू.फि गोलिया काठ र १.०० चट्टा दाउराको व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री जनकल्याण सा.व.उ.स.**
**मरिण गा.पा.- ३, सिन्धुली**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८२/११/१५

यस **रेडियस विल्डर्स प्रा.लि.** को मिति २०८२।१०।२० मा सम्पन्न बिशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (रेडियस विल्डर्स प्रा.लि.) को नामबाट श्रृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि सवै परिवर्तित रेडियस कर्पोरेशन प्रा.लि. को कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।११।१० को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरि **रेडियस कर्पोरेशन प्रा.लि.** कायम गरिएको व्यहोरा जानकारी गराइन्छ ।